नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

फागुन/चैत्र २०७१ (March 2015) वर्ष १९/अङ्क २१६

## सबै अवस्थामा हाम्रो साथमा रहनुहुने परमेश्वर

– डीकन सिमोन पाठक

हामी कतिपटक आफैलाई एक्लो भेट्टाउँछौं । मेरो साथमा त कोही पनि छैन भन्दै भावनात्मक रूपमा भित्रभित्रै पिरोलीराखेका हुन्छौं । यद्यपि हामी परिवारमा बस्छौं । बाबु, आमा, छोराछोरी अभिभावकहरू एउटै छानामुनि बस्छौं तर आफैलाई एक्लो भेट्टाउँछौं । हामीहरूका साथीभाइ, इष्टमित्र, आफन्तहरू छन् तर पनि कतिपटक एक्लो भएको महसुस गर्छौं ।
श्रीमान-श्रीमतीहरू सँगै छन् तर कतिपटक आफैलाई एक्लो पाइराखेका हुन्छौं । मण्डलीमा आयो सयौंको संख्यामा विश्वासीहरूसँग एउटै छानामुनि बसेर आराधना गर्छौं । तर पनि अप्ठ्यारो परेको समयमा आफैलाई एक्लो भेट्टाउँछौं । हामी कतिपटक यस्तो महसुस गर्न पुग्छौं कि परमेश्वर पनि मसँग हुनुहुन्न । यदि परमेश्वर मसँग हुनुभएको भए यी सबै कुराहरू किन मेरो जीवनमा घटिराखेको छ त ?
परमेश्वर मसँग हुनुभएको भए मेरो परिस्थिति यस्तो नहुनुपर्ने हो भनेर मानवीय सोचले हामी विचार गर्छौं र आफैलाई एक्लो भेट्टाउँछौं । हाम्रो जीवनमा हामीले सोचेको अनुसार होस् या नहोस् तर परमेश्वरचाहिँ हाम्रो साथमा हुनुहुन्छ । उहाँले हामीलाई कहिल्यै पनि छोड्नुहुन्न अनि त्याग्नु पनि हुन्न। उहाँ सबै अवस्थामा हाम्रो साथमा रहनुहुने परमेश्वर हुनुहुन्छ। हामी सफलताको चुचुरोमा पुगेको समयमा पनि र असफलताको मैदानमा रहेर छट्पटाइरहेको समयमा पनि परमप्रभु हाम्रो साथमा हुनुहुन्छ । परमेश्वरले गिदोनलाई भन्नुभयो, "तँ वीर मानिस होस्, र परमप्रभु तँसँग हुनुहुन्छ" (न्यायकर्ता ६:१२) । तर गिदोनले वर्तमान परिस्थितिको कारणले गर्दा त्यो कुरा विश्वास गर्न सकिराखेको थिएन । हामी पनि कतिपटक वर्तमान परिस्थितिलाई हेरेर गिदोनले जस्तै परमेश्वर साथमा हुनुभएको सत्यतालाई स्वीकार्न सक्दैनौं ।
इस्राएलीहरूले पटक-पटक परमेश्वर उनीहरूको साथमा नहुनुभएको महसुस गरेको कुरा न्यायकर्ताको पुस्तकमा पढ्दा थाहा गर्न सक्छौं । गिदोनले यसरी प्रश्न गरेका थिए- "हजूर, सुन्नुहोस्, परमप्रभु साँच्ची नै हामीसँग हुनुहुन्छ भनेता यी सबै किन हामीलाई भएको ? उहाँका ती सबै आश्चर्य कामहरू के भए, जो हामीले आफ्ना पिता पुर्खाहरूबाट सुनेका छौं, जसले भन्थे, 'के परमप्रभुले हामीलाई मिश्रदेशबाट निकालेर ल्याउनुभएको होइन ?' तर अब त परमप्रभुले हामीलाई त्याग्नुभएको छ, र हामीलाई मिद्यानीहरूका हातमा सुम्पिदिनुभएको छ ।"
गिदोनले जस्तै हामीले पनि कति पटक यो प्रश्न गर्‍यौं होला र कतिले अहिले पनि गरिराख्नुभएको होला । परमेश्वर मेरो साथमा हुनुभएको भए यी सबै कुरा किन मलाई भएको हो ? किन मेरो परिवारमा भएको हो ? किन हाम्रो मण्डलीमा भएको हो ? हामीमध्ये कतिको जीवनमा किन, किन, किन भन्ने थुप्रै प्रश्नहरू होलान् । हामीमध्ये कतिले विगतमा आफ्ना प्रियजनहरू गुमाएको कारण परमेश्वरप्रति हाम्रो तीतो प्रश्न पनि होला । हाम्रो हृदयमा भएका कति प्रश्नहरूको उत्तर यस संसारमा भएको समयमा पाउन सक्छौं तर कति प्रश्नको जवाफ हाम्रो निम्ति रहस्य र अनुत्तरित नै हुन्छन् । हाम्रो जीवनमा जे जस्तो घटना घटे तापनि प्रभुचाहिँ हाम्रो साथमा नै हुनुहुन्छ । स्वर्ग उचालिनु अघि येशूले चेलाहरूलाई भन्नुभयो, "हेर म युगको अन्तसम्म सधैं तिमीहरूको साथमा छु" (मत्ती २८:२०) । गिदोनको लागि परमेश्वरले गर्नुभएका सबै कामहरू एउटा इतिहास भएको छ । उसले वर्तमान परिस्थितिलाई हेरेर निकालेको निचोडचाहिँ हो- परमेश्वरले त्याग्नुभएको छ, छोड्नुभएको छ । हामी पनि कतिपटक हाम्रो वर्तमान परिस्थितिलाई हेरेर गिदोनले जस्तै परमेश्वरले मलाई त्याग्नुभएको छ, छोड्नभएको छ, उहाँ मेरो साथमा हुनुहुन्न, मेरो परिवारमा हुनुहुन्न, मेरो व्यवसायमा हुनुहुन्न, मेरो काममा हुनुहुन्न, मेरो पढाईमा हुनुहुन्न, मेरो भविष्य अन्धकारमय छ, मेरो जीवनको कुनै आशा छैन भन्ने निचोड निकाल्छौं । तर परमेश्वर भन्नुहुन्छ, "म तँसँग छु ।"

हामी सुखको समयमा होस् वा दुःखको समयमा, भोजको समयमा होस् वा शोकको समयमा, सफलताको समयमा होस् वा असफलताको समयमा, आरोग्यताको समयमा होस् वा रोगी भएको समयमा, पैसा प्रशस्त भएको समयमा होस् वा ऋणमा डुबेको समयमा, मानिसहरूले प्रशंसा गरेको समयमा होस् वा मानिसहरूले तिरस्कार गरेको समयमा होस् वा एक्लो भएको समयमा, विवाह बन्धनमा जोडिएको समयमा होस् वा मृत्युले अलग गरेको समयमा, जीवनका सबै अवस्थाहरूमा परमेश्वर हाम्रो साथमा हुनुहुन्छ । हाम्रो जीवनमा विगतमा के कस्ता घटनाहरू घटे र भविष्यमा कस्ता घटनाहरूको हामीले सामना गर्नुपर्नेछ ती सबै दिनहरूमा परमेश्वर हाम्रो साथमा हुनुहुन्छ। उहाँले हामीलाई जीवनका सबै अवस्थामा जिउनलाई अनुग्रह दिनुहुन्छ । पावललाई प्रभुले भन्नुभयो "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ" (२ कोरिन्थी १२:९) । इस्राएलीहरूले परमेश्वरबाट त्यागिएको महसुस गरेका थिए तर वास्तवमा परमेश्वरले इस्राएलीहरूलाई त्याग्नुभएको थिएन । उनीहरूले परमेश्वरलाई त्यागेका थिए (न्यायकर्ता २:११-१३, ३:७, १२, ४:१, ६:१, १०:६, १३:१) । उहाँले तिनीहरूलाई त्याग्नुभएको भए तिनीहरूले पुकारा गर्दा उहाँले तिनीहरूको पुकारा सुन्नुहुने थिएन (न्यायकर्ता १०:१०-१२) । तिनीहरूलाई अनुशासन गर्नको निम्ति मात्र उहाँले तिनीहरूलाई तिनीहरूको शत्रुको हातमा सुम्पिदिनुभएको थियो ताकि तिनीहरूले आफ्नो पाप थाहा गरेर परमेश्वरतर्फ फर्कून् । उहाँले तिनीहरूलाई प्रेम गर्नुहुन्थ्यो । त्यसकारण उहाँले तिनीहरूको पुकारा सुन्नुभयो । यदि उहाँले तिनीहरूलाई प्रेम नगर्नुभएको भए उनीहरूले पुकारा गर्दा उहाँले सुन्नुहुने थिएन र उहाँले तिनीहरूलाई उद्धार गर्नुहुने थिएन । उहाँको हृदयमा तिनीहरूको निम्ति सधैं प्रेम थियो ।
उडन्ता पुत्रले बाबुलाई त्यागेर गयो । तर बाबुको हृदयमा ऊप्रति सधैं प्रेम थियो । उसको निम्ति बाबुको अँगालो सधैं खुल्ला थियो । हामी कतिपटक परमेश्वरबाट टाढा हुन्छौं । कतिले त विश्वास नै त्याग गर्छन् । इस्राएलीहरूले परमेश्वरलाई विश्वास त्याग गरेर पूरै इन्कार गरेर संसारमा फर्केका थिए । तर परमेश्वरले तिनीहरूलाई विभिन्न परिस्थितिहरू चलाएर फेरि पनि फर्कने मौका दिनुभयो । परमेश्वर धीरजी हुनुहुन्छ । उहाँले सधैं मानिसहरूलाई फर्केर आउने मौका दिन चाहनुहुन्छ । हामीले परमेश्वरलाई छोडेता पनि उहाँले हामीलाई छोड्नुहुन्न, त्याग्नुहुन्न । उहाँले हामीलाई आफ्नो हत्केलामा खोपेर राख्नुभएको छ (यशैया ४९:१६) ।
परमेश्वर हाम्रो जीवनको सबै परिस्थितिमा हाम्रो नजीक हुनुहुन्छ । दुःख, कष्ट, संकष्ट, परीक्षा र परिस्थितिहरू खराब भएर गएको समयमा उहाँ झनै नजीक हुनुहुन्छ । किसानले रूखको हाँगाहरूलाई छिँवल्दा दुख्छ तर त्यो बेला किसान बोटको सबैभन्दा नजीक भएको हुन्छ । किसानले किन छिँवल्छ ? त्यस रूखमा झन् बढी फल फलोस् भनेर छिँवल्छ ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| फागुन ३० गते<br>मार्च १४ ता. | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | श्रीमती<br>रश्मिला तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | श्री<br>स्टिफन राई | पाष्टर<br>दफ्तन सादा | डीकन<br>घन श्याम दाहाल | एल्डर<br>शरण राई |
| चैत्र ७ गते<br>मार्च २१ ता. | डीकन<br>सिमोन पाठक | डीकन<br>मान बहादुर मगर | डीकन<br>बागमान तामाङ्ग | एल्डर<br>ग्रेस खालिङ | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>रूद्र राई | एल्डर<br>छयोगेन रोंगोंग |
| चैत्र १४ गते<br>मार्च २८ ता. | पाष्टर<br>प्रेम श्रेष्ठ | पाष्टर<br>अशोक मुखिया | श्री<br>रमेश लामा | पाष्टर<br>रोबर्ट कार्थक | डीकन<br>सिमोन भण्डारी | संयुक्त सेवा<br>ललितपुर चर्च | संयुक्त सेवा<br>ललितपुर चर्च |
| चैत्र २१ गते<br>अप्रिल ४ ता. | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग<br>पाष्टर बि.बि. खवास | एल्डर<br>रूबेन श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>सिमोन खालिङ |

योसेफ मिश्रको प्रधानमन्त्री हुनुअघि उनले धेरै वटा जाँचहरू पास गर्नुपऱ्यो। १७ वर्षको उमेरमा आफ्नै दाजुभाइहरूले मिद्यानीहरूको हातमा बेचिदिए । मिद्यानीहरूले पोतीफरको हातमा बेचिदिए । पोतीफरको श्रीमतीले नराम्रो आरोप लगाएको कारण पोतीफरले उनलाई भ्यालखानमा हालिदिए । योसेफले १३ वर्षसम्म कष्टका धेरैवटा जाँचहरू सामना गर्नुपऱ्यो । उनी ३० वर्षको उमेरमा मिश्रको प्रधानमन्त्री बन्न पुगे (उत्पत्ति ४१:४६) । योसेफले १३ वर्षसम्म भोगेको दुःख कष्टलाई सम्झियौं भने कहालीलाग्दो छ । तर उनले परमेश्वरलाई कहिले पनि छोडेनन् । उनी परमेश्वर सँगसँगै हिँडिरहे । योसेफको सफलताको रहस्य के थियो ? उनको सफलताको रहस्य नै परमप्रभु उनको साथमा हुनुहुन्थ्यो (उत्पत्ति ४९:२१,२३)। परमेश्वर साथमा हुनुभएकाहरूको जीवनमा दुःख, कष्ट, समस्या, संकष्ट, शोक आउँदैन भनेर परमेश्वरको वचनमा लेखिएको छैन । हामी संसारमा छौं । संसारमा छउञ्जेल यस्ता कुराहरूको सामना हामीले घरिघरि गरि नै राख्नुपर्छ । हामीमध्ये कसैको जीवनमा धेरै होला कसैको जीवनमा थोरै होला तर सबैले जीवनको कुनै न कुनै क्षेत्रमा चुनौती र संघर्षको सामना गरिराखेका हुन्छौं । संसारको कुनैपनि कुनामा गए तापनि चुनौती र संघर्षले हामीलाई छोड्दैन । हामी अमेरिका, बेलायत, जापान, कोरिया, अष्ट्रेलिया, मलेशिया, अरब मुलुकहरू वा संसारको कुनैपनि मुलुकमा हुनेहरूलाई एक किसिमको चुनौती र संघर्षहरू छन् भने नेपालमा हुनेहरूलाई अर्को किसिमको चुनौती र संघर्षहरू छन् । तर जतिले प्रभु येशू ख्रीष्टलाई प्रभु र मुक्तिदाता भनेर ग्रहण गरेका छन् उनीहरूको साथमा येशू ख्रीष्ट हुनुहुन्छ । उहाँले हामीलाई कहिले पनि नछोड्ने प्रतिज्ञा गर्नुभएको छ (हिब्रू १३:५) ।

दाऊद इस्राएलको राजा हुनुअघि उनले पनि दुःख, कष्टका धेरैवटा जाँचहरू पास गर्नुपऱ्यो । उनी दाजुभाइहरूमध्ये सबैभन्दा कान्छो र हेला गरिएको व्यक्ति थियो । उनी परिवारबाट खसालिएको, नगनिएको, एक्लो भएर जिउनुपरेको थियो । उनी सानो छँदा एक्लै भेडाहरू चराउने गर्थे । उनले आफ्नो जीवन बचाउनको निम्ति शाऊल राजाबाट सधैं भाग्नुपऱ्यो । पलिश्तीहरूको देश सिक्लगमा १६ महिना शरणार्थी भएर बस्नुपऱ्यो (१ शमूएल २७:६-७) । यद्यपि शमूएल अगमवक्ताले दाऊदलाई राजा हुनको निम्ति उनी १५ वर्ष हुँदा राजा अभिषेक गरेका थिए । तर बाँकी १५ वर्षसम्म उनले धेरै कुराहरूको सामना गर्नुपऱ्यो । उनी राजा हुनको निम्ति अभिषेक गरिसकेपछि पनि बाँकी १५ वर्षसम्म विभिन्न कुराहरूको सामना गर्दै जिउनुपऱ्यो । त्यसपछि मात्र उनी यहूदा र इस्राएलको राजा भए (१ शमूएल १६:१३, २ शमूएल ५:३-४) । दाऊदले इस्राएलको राजा हुनुअघि १५ वर्षसम्म दुःख, कष्टका विभिन्न जाँचहरू पास गर्नुपऱ्यो ।

दाऊदको सफलताको रहस्य के थियो ? उनको सफलताको रहस्य "सर्वशक्तिमान परमप्रभु तिनीसँग हुनुहुन्थ्यो" (२ शमूएल ५:१०) । शमूएल अगमवक्ताले अभिषेक गरेको दिनदेखि नै परमप्रभुको आत्मा दाऊदसँग रहनुभएको थियो (१ शमूएल १६:१३) । उनले जीवनमा धेरै चुनौती, परीक्षा र संघर्षहरूको सामना गर्नुपऱ्यो । तर परमप्रभु दाऊदको साथमा हुनुभएको कारण उनले जीवनका सबै अवस्थाहरूलाई कुल्चँदै अघि बढ्न सके र परमेश्वरले उनलाई जुन उद्देश्यको लागि अभिषेक गर्नुभएको थियो त्यो उनको जीवनमा पूरा भयो ।

दानिएल सिंहको खोरमा हुँदा पनि परमेश्वर साथमा रहनुभयो । शद्रक, मेशक, अबेद्नगो आगोको भट्टीमा फालिएको समयमा पनि परमप्रभु साथमा रहनुभयो । "तँ पानीबाट भएर जाँदा म तेरो साथमा हुनेछु । तँ नदीहरूबाट भएर जाँदा तिनले तँलाई डुबाउनेछैनन्। तँ आगोबाट हिँडेर जाँदा डढ्नेछैनस् । त्यसको ज्वालाले तँलाई भस्म पार्नेछैन" (यशैया ४३:२) । हामी जुनसुकै परिस्थिति भएर जाँदा पनि परमप्रभु हामीसँग हुनुहुन्छ भन्ने सत्यता धर्मशास्त्रमा थाहा गर्नसक्छौं । परमेश्वरले डराइरहेका इस्राएलीहरूलाई भन्नुभयो "नडरा, किनकि म तँसित छु । निरूत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ । म तँलाई बलियो पार्नेछु । म तँलाई सहायता गर्नेछु । मेरो धार्मिकताको दाहिने हातले म तँलाई समाल्नेछु" यशैया ४१:१० । परमेश्वर सबै परिस्थितिहरूमा हामीसँग हुनुहुन्छ । तर प्रश्नचाहिँ यो छ कि, के हामीचाहिँ सबै परिस्थितिहरूमा उहाँसँगै हिँड्दैछौं ? कि त किन, किन, किन प्रश्न सोधेर उहाँसँग मन दुखाएर टाढा टाढा टाढा हुँदैछौं । जीवनको खराब परिस्थितिमा यूसुफ, दाऊद, दानिएल, शद्रक, मेशक, अबेद्नगो परमेश्वरबाट टाढा भएनन् । उनीहरू सबै परिस्थितिमा परमेश्वरमा नै भर पर्दै उहाँको साथमा उहाँ सँगसँगै हिँडेको कारण उनीहरूको जीवनमा परमेश्वरको योजना प्रबल भयो ।

एक हातले ताली बज्दैन । परमेश्वर मात्र हामीसँग हिँड्न चाहेर हुँदैन । हामी पनि उहाँसँग दिनदिनै हिँड्नुपर्दछ । हामीलाई परमेश्वरसँग हिँड्न नदिने धेरै कुराहरू हुन सक्छन् । परमेश्वरसँग हिँड्नलाई बाधा दिने एउटा मुख्य कुराचाहिँ अविश्वास हो । गिदोनलाई स्वर्गदूतले परमप्रभु तँसँग हुनुहुन्छ भन्ने समाचार दिँदा उनले अविश्वासको प्रश्न गरेका थिए (न्यायकर्ता ६:१३) । उनको अविश्वासले गर्दा उनले परमेश्वरसँग तीनवटा चिन्हहरू मागेका थिए (न्यायकर्ता ६:१७,१८,३६-३८, ३९-४०) ।

गिदोनले शुरूमा परमेश्वरमा अविश्वास गरे तापनि परमेश्वर उनीप्रति विश्वासयोग्य हुनुभयो । हामी पनि कतिपटक हाम्रो अविश्वासको कारणले गर्दा घरि घरि परमेश्वरलाई जाँच गर्छौं । तर आफ्नो प्रतिज्ञाअनुसार परमेश्वर सधैं हाम्रो साथमा नै हुनुहुन्छ ।

हामीमध्ये कतिले यो कथा सुनेका होऔंला- एकदिन एउटा मान्छेले सपना देखेछ । त्यो सपनामा ऊ परमेश्वरसँग समुद्रको किनारमा एक्लै हिँडिराखेको थियो । हिँडिराखेको एउटा पाइला उसको थियो भने अर्को पाइला परमेश्वरको थियो । तर उसको जीवनमा आएका समस्या, दुःख, कष्ट, पिडाको समयमा चाहिँ उसले एउटा मात्रै पाइला देखेछ । यसले उसलाई धेरै चिन्तित बनायो अनि उसले परमेश्वरलाई सोधेछ । प्रभु तपाईंले भन्नुभयो जब म तपाईंलाई पछ्याउन निर्णय गरेर हिँडछु तपाईं सबै अवस्थामा म सँगै हिँड्नुहुनेछ । तर प्रभु मेरो जीवनको एकदमै दुःखको समयमा, संघर्षको समयमा मैले एउटै मात्र पाइला देखें । किन प्रभु तपाईंले यस्तो समयमाचाहिँ मलाई एक्लै छोडिदिनुभयो ? तर प्रभुले भन्नुभएछ, मेरो प्यारो छोरा, म तिमीलाई प्रेम गर्छु । तिम्रो जीवनको सबै दुःख, कष्ट र जाँचहरूमा म तिमीलाई कहिल्यै पनि छोडनेछैन, कहिल्यै पनि त्यागनेछैन । जब तिमीले एउटै मात्र पाइला देख्यौ त्यो पाइलाचाहिँ मेरो थियो । किनकि तिमी त्यो समयमा हिँड्न नसक्ने भएका थियौ र त्यो समयमा मैले तिमीलाई आफ्नो काँधमा बोकेर हिँडेको थिएँ ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| फागुन ३० गते मार्च १४ ता. | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री राजु तामाङ्ग |
| चैत्र ७ गते मार्च २१ ता. | पाष्टर महेश थाँजु | संयुक्त सेवा जोरपाटी चर्च | | | | श्री जय सिंह | श्री कुमार सेन्चुरी | डीकन बेन्जामिन तामाङ्ग |
| चैत्र १४ गते मार्च २८ ता. | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | डीकन सिमोन पाठक | एल्डर कर्ण तामाङ्ग | श्रीमती शान्ति तामाङ्ग |
| चैत्र २१ गते अप्रिल ४ ता. | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च |

हाम्रो परमेश्वर हामी हिँड्न नसक्दा बोक्ने परमेश्वर हुनुहुन्छ । हामीलाई बोकेर हिँड्नुहुने परमेश्वरलाई आफूले भनेको जस्तो नहुँदा गनगन गर्ने, अविश्वास गर्ने र उहाँलाई छोडेर अर्कै बाटो हिँड्ने नबनौं । हामी जुन बोलावटमा छौं, त्यो बोलावटमा रहिरहौं र आफ्नो दौडा पूरा गरेर परमेश्वरलाई महिमा दिनेहरू बनौं । हामी सफलताको चुचुरोमा पुगेको समयमा पनि र असफलताको मैदानमा रहेर छट्पटाइरहेको समयमा पनि, सबै अवस्थामा हाम्रो साथमा रहनुहुने परमेश्वर हुनुहुन्छ । यस्तो परमेश्वरलाई छोडेर हामी कहाँ जान सक्छौं ?

## कार्यक्रम

फागुन २४ गते/मार्च ८ ता. बिहीबार बिहान १०:००-२:०० बजेसम्म **नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको रीट्रिट** नेइम जोरपाटी मण्डलीमा ।

चैत्र १ गते/मार्च १५ ता. आइतबार बिहान १०:००-२:०० बजेसम्म **नेइम महिला नेतृत्व तालिम** नेइम ज्ञानेश्वर मण्डलीमा ।

चैत्र २० गते/अप्रिल ३ ता. शुक्रबार बेलुकी ५:३०-७:०० बजेसम्म **गुड फ्राइडे** सेवा आ-आफ्नो मण्डलीमा ।

चैत्र २२ गते/अप्रिल ५ ता. आइतबार बिहान ६:०० बजे **सूर्योदय सेवा** आ-आफ्नो मण्डलीमा ।

## हार्दिक बधाई



फागुन ३ गते/फरवरी १५ तारिख आइतबार नेइम जोरपाटी मण्डलीकी सदस्य सुश्री **करूणा राई** र अनुग्रह विरगंज चर्चको सदस्य श्री **संदिप राई**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती संदिप/करूणा राई** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन ७ गते/फरवरी १९ तारिख बिहीबार नेइम ललितपुर मण्डलीको सदस्य श्री **योएल सुब्बा** र नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य सुश्री **मुना राई**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती योएल/मुना सुब्बालाई** मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## शुभ कामना

सारा संसारका मानव जातिको उद्धारको निम्ति खीष्ट प्रभु क्रूसमा बलि हुनुभई तेस्रो दिनमा पुनरुत्थान हुनुभएको (Easter) को सुखद् अवसरमा देशभित्र र देशबाहिर हुनुभएका सम्पूर्ण मण्डली परिवारमा हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।

## जानकारी



गागल फेदी बस्नुहुने, नेइम सुन्दरीजल मण्डलीको सदस्य लाल बहादुर विश्वकर्मा ८२ वर्षको उमेरमा पौष २४ गते/जनवरी ८ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



सुन्दरीजल बस्नुहुने, नेइम सुन्दरीजल मण्डलीको सदस्य श्रीमती पान माया लामा ५४ वर्षको उमेरमा माघ २४ गते/फरवरी ७ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।



सुन्दरीजल बस्नुहुने, नेइम सुन्दरीजल मण्डलीको सदस्य भिम बहादुर लामा ८१ वर्षको उमेरमा माघ २९ गते/फरवरी १२ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।



कालोपुल बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीको सदस्य याकूब नगरकोटी ५६ वर्षको उमेरमा माघ २१ गते/फरवरी ४ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।



बल्खु बस्नुहुने, नेइम ललितपुर मण्डलीको सदस्य श्रीमती भक्त कुमारी थापा ५८ वर्षको उमेरमा फागुन १७ गते/मार्च १ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | २४ 8<br>आराधना सेवामा सेवा संचालन गर्ने, सुसमाचार सुनाउनुहुने, वचनको सेवकाइ, आराधना अगुवाइ गर्नुहुने साथै वचन सुन्ने सबैको लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ५५:८-११** | १ चैत्र 15<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनको निम्ति पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>**१ कोरिन्थी २:१-१३** | ८ 22<br>नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डली तथा संगतिहरूमा सेवकाइ गरिराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**१ तिमोथी १:१२-१७** | १५ 29<br>सबै खीष्टिय संघ संस्थाहरूमा सेवकाई गर्नुहुने सेवक सेविका-हरूको लागि आशिष मागिदिऔं ।<br>**२ तिमोथी १:७-१२** |
| **सोमबार Monday** | २५ 9<br>विश्वासीहरूको जीवनमा व्यक्तिगत प्रार्थना, पारिवारिक वेदी साथै मण्डलीसँगको प्रार्थना कहिल्यै पनि नसेलाएको होस् ।<br>**यशैया ५८:९,६५:२४** | २ 16<br>अगुवाको स्थानमा रहनुभएकाहरूले उदाहरण भएर आफ्नो बगालको हेरचाह गर्न सकून् ।<br>**१ पत्रुस ५:१-८** | ९ 23<br>परमप्रभु परमेश्वरलाई सधैं आदर, प्रशंसा, प्रेम गर्दै सबै कुराको निम्ति महिमा दिइरहन सकौं ।<br>**१ थेसोलोनिकी ५:१४-२४** | १६ 30<br>आमा बा, अभिभावक साथै बाल संगतिका सबै शिक्षक शिक्षिकाहरूले बालबालिकाहरूलाई प्रभुको शिक्षामा हुर्काउन सकून् ।<br>**एफिसी ६:४** |
| **मंगलबार Tuesday** | २६ 10<br>मंगलबार हुने आत्मिकी तथा चंगाइ सेवामा चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>**मत्ती ८:१४-१७, यूहन्ना१४:१२-१४** | ३ 17<br>मण्डलीमा भइरहेको सबै सेवा संगतिहरूद्वारा हामी दिन प्रतिदिन परिपक्वतातिर बढ्दै जान सकौं ।<br>**१ थेसोलोनिकी १:६-८** | १० 24<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा, बाइबल अध्ययन आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भाग लिन सकून् ।<br>**हिब्रू १०:२३-२६** | १७ 31<br>स्कूल, क्याम्पस, उच्च शिक्षा, तालिम लिइराख्नुभएकाहरू साथै विभिन्न देशमा पढाइ र कामको लागि जानुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह १२१:१-८** |
| **बुधबार Wednesday** | २७ 11<br>प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुनाको रूपमा होइन तर प्रभुलाई आदर दिनेहरू हुन सकौं ।<br>**भजनसंग्रह ९६:१-९** | ४ 18<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाई, व्यवसाय तथा खेतीपातीको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं ।<br>**२ कोरिन्थी ९:६-१३** | ११ 25<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो सहनपरेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ११८:५-१६** | १८ 1<br>वैवाहिक जीवनमा बाँधिनुभएका दम्पत्तिहरूको साथै सबै परिवारहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**मत्ती ५:१६, १९:४-६** |
| **बिहीबार Thursday** | २८ 12<br>मण्डलीका पाको उमेरमा हुनुभएकाहरू सबैको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह २३:१-६** | ५ 19<br>आजदेखि शुरू हुने एस.एल.सी. परीक्षा दिने विद्यार्थीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**याकूब १:५, दानिएल १:१७** | १२ 26<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ५५:२२,१४७:३** | १९ 2<br>आराधना सेवाको समयमा इन्टरनेटद्वारा प्रसारण भएको सेवाद्वारा धेरैले आशिष् पाउन सकून् ।<br>**यशैया ५१:१-८** |
| **शुक्रबार Friday** | २९ 13<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाइ, प्रशंसा र सुसमाचार प्रचार कहिले पनि नरोकेको होस्।<br>**प्रेरित २:४२-४७** | ६ 20<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतामा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>**भजनसंग्रह २६:८,८४:१-४** | १३ 27<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>**यूहन्ना१४:२१,२३-२४, २यूहन्ना ६** | २० 3<br>खीष्ट येशू प्रभुको क्रूसको मृत्यु र बौरी उठाईको सत्यता सारा संसारका मानिसहरूले बुझी परमेश्वरबाटको आशिष्मा जिउन सकौं ।<br>**यूहन्ना ३:१६-१८, रोमी ५:८-११** |
| **शनिबार Saturday** | ३० 14<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>**भजनसंग्रह ११९:१-१६** | ७ 21<br>परमेश्वरले हामीप्रति गर्नुभएका महान् प्रेम, अनुग्रह, दया र कृपाको लागि धन्यवाद प्रशंसा चढाऔं ।<br>**भजनसंग्रह ४०:१-५,९-१०** | १४ 28<br>सेवा संगतिको महत्व बुझी आफै पनि साथै अरूलाई पनि सेवा संगतिमा जानको लागि उत्साह दिनेहरू हुन सकौं ।<br>**हिब्रू १०:२४-२५** | २१ 4<br>आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माण र परमेश्वरको महिमाको लागि चलाउन सकून ।<br>**रोमी १२:६-८** |